आज मिति २०८० साल मंसिर १५ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

1. अध्यक्ष- आशा तामाङ
2. उपाध्यक्ष- सीता तामाङ
3. सदस्य- जिमा बहादुर तामाङ
4. सदस्य- सन्द विर तामाङ
5. सदस्य- हरि बहादुर तामाङ
6. सदस्य- कमल बहादुर तामाङ
7. सदस्य- जित बहादुर तामाङ
8. सदस्य- हरि कुमार तामाङ
9. सदस्य- सरु घले
10. सदस्य- टेक राज घले
11. सदस्य- सम्झना तामाङ
12. सदस्य- सिंगराम घले
13. सदस्य- गंगा तामाङ
14. सदस्य- कमला तामाङ
15. सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

**आमन्त्रित:**

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

प्रस्ताव नं. १ – यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा ।

निर्णय नं. १ – म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव नं २ – आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. २ – प्रस्ताव नं. २ उपर छलफल गर्दा श्री नुवाकोट जिल्ला अदालतको च.नं. १०४६ मिति २०८०/०८/१० को पत्र बमोजिम उक्त अदालतको नवनिर्मित भवनको मिति २०८०/०८/२१ गते सम्माननीय प्रधानन्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यूबाट समुद्घाटन हुने भएकोले अदालत परिसरमा स्वागतद्वार, मञ्च तथा टेन्ट लगायतको व्यवस्थापन कार्यमा आवश्यक आर्थिक सहयोगका लागि अनुरोध भई आए बमोजिम रु. २,००,०००/- विविध कार्यक्रमबाट भुक्तानी गर्ने गरी आर्थिक सहायता उपलब्ध गराउने भनी निर्णय गरियो । साथै नेपाल सोसाईटी रक्त सञ्चार, नुवाकोटलाई यस गाउँपालिकाका विरामीहरुलाई आवश्यक रगत उपलब्ध गराउने गरी रु. १,५०,०००/- अनुदान दिने निर्णय गरियो।

प्रस्ताव नं ३ – अख्तियार दुरुपयोग अनुसन्धानका सुझाव कार्यान्वयन सम्बन्धमा।

निर्णय नं. ३- प्रस्ताव नं. ३ उपर छलफल गर्दा सम्माननीय अख्तियार दुरुपयोग अनुसन्धानबाट विविध मितिमा जारी सुझावहरुको जानकारी लिईयो र सुझाव कार्यान्वयनको लागि प्रतिबद्धता गरियौं।

प्रस्ताव नं ४ – चालु आ.व. को प्रथम त्रैमासिकको प्रगति समिक्षा सम्बन्धमा।

निर्णय नं. ४- प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालु आ.व. को यस गाउँपालिकाको सबै शाखाबाट प्राप्त विवरण बमोजिम प्रथम त्रैमासिकको प्रगति समिक्षा गरियो। साथै बाँकी कार्यक्रमहरु तिव्रतर गतिमा संचालन गर्न निर्देशन गरियो।

प्रस्ताव नं ५ – स्थानीय नाँच, बाजा, गीत संरक्षण कार्यक्रम सम्बन्धमा।

निर्णय नं. ५- प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिकाको परम्परा देखि चालि आएको साईकोले, मेन्दोमाया, ........................................................, गाउँपालिकास्तरीय प्रतियोगिता मिति २०८० पौष ३, ४ र ५ गते आयोजना गर्ने निर्णय गरियो। यसमा प्रथम हुनेलाई रु ५०,०००/- डम्फु, दोस्रोलाई रु. २५,०००/- डम्फु, र तेस्रोलाई रु. १५,०००/- डम्फु उपहार गर्ने निर्णय गरियो।

प्रस्ताव नं ६ – रकमान्तर सम्बन्धमा।

निर्णय नं. ६- प्रस्ताव नं. ६ उपर छलफल गर्दा तपशिल बमोजिम रकमान्तर गरियो । साथै सो रकमान्तरको निर्णय गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

तपशिल:-

| क्र.सं. | विनियोजित योजना/कार्यक्रम शीर्षक | रकमान्तर हुने योजना/कार्यक्रम शीर्षक | रकम (रु.) |
|---|---|---|---|
| १. | नुकर डाँडा – बर्सुन्चेत – लुन्दीटार खनियाँबास जोड्ने सडक स्तरउन्नती | सालघारी बर्सुन्चेत गुम्बा डाँडा जोड्ने सडक | ५,००,०००/- |
| २. | छोगाङ भ्रङ्गार कुना गाउँ कृषि सडक | सडक मर्मत सम्भार | १२,००,००० |
| ३. | चेनतेक्का पिपलडाँडा टुने कामीकुवा हुँदै चिउरीभञ्ज्याङ्ग जोड्ने सडक स्तरउन्नती | टुँडी पार्क संरचना निर्माण | २५,००,००० |
| | | सडक बोर्ड कोष साझेदारी | ८,००,००० |
| | | रोजगार सेवा केन्द्रको तालिम तथा सर-सामान व्यवस्थापन | ५,००,००० |
| ४. | झर्लाङ बैकुण्ठे कार्प्रेबास मोटरबाटो निर्माण, म्यागङ ५ | म्यागङ युवा क्लब भवनमा कर्मचारी आवास | ३०,००,००० |
| ५. | बुद्धमुर्तिको रङरोगन कार्य | बुद्धमुर्तिको बुट्टा तथा रङरोगन | ५,००,००० |
| ६. | छोगाङ भ्रङ्गार कुना गाउँ कृषि सडक | बुद्धमुर्तिको बुट्टा तथा रङरोगन | ५,००,००० |
| ७. | स्तानपन कक्षा निर्माण | स्वास्थ्यकर्मीलाई क्षमतावृद्धि कार्यक्रम | १,००,००० |
| ८. | मैवल सल्लाडाँडा च्यानडाँडा हुँदै गोरोम जोड्ने सडक निर्माण | गङलेप प्लाष्टिक पानी सिँचाई पोखरी निर्माण | १,५०,००० |
| ९.. | सडक हुँदै सल्लाडाँडा गङ सिढी तथा गोरेटो बाटो निर्माण | गङलेप प्लाष्टिक पानी सिँचाई पोखरी निर्माण | १,००,००० |
| १०. | किम्ताङ स्वास्थ्य चौकी ल्याव तथा बार्थिङ सामानहरु खरिद | अल्जङ हुँदै टप्टागङ कृषि सडक स्तरउन्नती | १,००,००० |
| ११. | डिगङ कृषि सडक निर्माण | छ्याङछ्याङस्योङ लैथेन गोरेटो बाटो | १,००,००० |
| १२. | छ्याङछ्याङस्योङ ढुङ्गे धारा निर्माण | छ्याङछ्याङस्योङ लैथेन गोरेटो बाटो | १,५०,००० |
| १३. | मोङ्बाथो महिला कृषि सिँचाई निर्माण | वतीपाङ बुगङ सिँचाई निर्माण | |
| १४. | सानेन हावा घर निर्माण | लैथान डाँडा लामामाने जाने गोरेटो बाटो निर्माण | १५०,००० |
| १५. | ओखरखेत मजुवा खानेपानी निर्माण | राजलिङ्ग बौद्ध छ्युर्तेन निर्माण | १,००,००० |

**प्रस्ताव नं ७ – एक प्रदेश निर्वाचन क्षेत्र एक अस्पताल सुदृढीकरण कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ७-** प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतको देउराली प्राथमिक स्वास्थ्य केन्द्रको एम्बुलेन्स, फोहोर, ल्याब, फर्निचार लगायतका अति आवश्यक सरसामानहरु, निर्माण कार्यहरु गर्ने गरी प्रदेश सरकार समक्ष पालिका तर्फबाट माग गरेकोमा स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशबाट एक प्रदेश निर्वाचन क्षेत्र एक अस्पताल सुदृढीकरण कार्यक्रममा रखी उक्त स्वास्थ्य केन्द्रलाई रु. २०,००,०००/- प्राप्त भएकोमा कार्यक्रम संचालन कार्यविधि

बमोजिम स्वास्थ्य जनशाक्ति खटाउने गरी मात्र प्राप्त भएकोमा उक्त स्वास्थ्य केन्द्रमा संगठन संरचना र दरबन्दी बमोजिम जनशाक्तिहरु रहेकोमा उक्त विनियोजित बजेटबाट तपशिल बमोजिमको कार्य गर्ने गरी स्वीकृतीको लागि श्री स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने भनि निर्णय गरियो।

तपशिलः

| क्र.सं. | क्रियाकलाप विवरण | प्रस्तावित रकम (रु.) |
|---|---|---|
| १. | हे.अ.-१ जना नियुक्ति गर्ने | २,५०,००० |
| २. | ल्याव व्यवस्थापन (माईक्रोस्कोप लगायत) | ५,००,००० |
| ३. | एम्बुलेन्स ट्रस घर निर्माण तथा व्यवस्थापन कार्य | २,५०,००० |
| ४. | फर्निचार तथा मेशिनरी खरिद | ५,००,००० |
| ५. | सेनिटारी फिल्ड निर्माण तथा फोहोर व्यवस्थापन | ५,००,००० |

**प्रस्ताव नं ८ – रात्रीकलिन सेवा संचालन सम्बन्धमा।**

**निर्णय नं. ८-** प्रस्ताव नं. ८ उपर छलफल गर्दा देउराली प्राथमिक स्वास्थ्य केन्द्रको रात्रीकलिन अकस्मिक सेवामा खटिने डाक्टरको लागि प्रति रात रु. २०० का दरले स्वास्थ्य विविध कार्यक्रमबाट उपलब्ध गराउने भनी निर्णय गरियो।

**प्रस्ताव नं ९– भुमिहीन दलित, भुमिहीन सुकुम्बासी सम्बन्धमा।**

**निर्णय नं. ९-** प्रस्ताव नं. ९ उपर छलफल गर्दा वडा तहबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची ७ बमोजिम तपशिल बमोजिमको भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा उजुर बाजुरा वा दावी विरोधको लागि ७ दिने सार्वजनिक सूचना जारी गरिएकोमा कुनै पनि उजुर बाजुरा वा दावी विरोध नआएको भनि वडा स्तरीय सहजीकरण समितिको प्राप्त सिफारिस अनुसार सोही कार्यविधिको दफा १२ उपदफा (३) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको विवरण मिति २०८० मंसिर १२ गते सार्वजनिक गरिएकोमा तपशिलमा उल्लेखित व्यक्तिहरुलाई जग्गा उपलब्ध गराउन राष्ट्रिय भूमि आयोग जिल्ला समितिमा सिफारिस गर्ने निर्णय गरियो।

तपशिलः

| वडा नं. | व्यक्तिको नाम, थर | ना.प्र.नं. | बाबुको नाम, थर | भूमिहीन दलित/भूमिहीन सुकुम्बासी |
|---|---|---|---|---|
| २, बुङताङ | सुकविर कामी | 88920 | प्याउरे कामी | भूमिहीन दलित |
| ३, देउराली | सन्त बहादुर दियाली | 108458 | काली कामी | भूमिहीन दलित |
| ३, देउराली | रामे तामाङ | 85171 | शेर बहादुर तामाङ | भूमिहीन सुकुम्बासी |
| ६, थप सामरी | धन बहादुर धमला | 13995 | लोक बहादुर धमला | भूमिहीन सुकुम्बासी |
| ६, थप सामरी | फुल माया तामाङ | 1641 | जित बहादुर तामाङ | भूमिहीन सुकुम्बासी |
| 6, थप सामरी | मैतराम तामाङ | 993 | सत्रल सिं तामाङ | भूमिहीन सुकुम्बासी |
| 6, थप सामरी | राज तामाङ | 251006/8605 | होम बहादुर तामाङ | भूमिहीन सुकुम्बासी |
| 6, थप सामरी | सोमवरे तामाङ | 78568 | विरमान तामाङ | भूमिहीन सुकुम्बासी |
| 6, थप सामरी | विराज तामाङ | 251006/436 | होम बहादुर तामाङ | भूमिहीन सुकुम्बासी |
| 6, थप सामरी | कान्छी माया तामाङ | 253006/651 | खम्बा सिं तामाङ | भूमिहीन सुकुम्बासी |

म्यागङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देउराली, नुवाकोट

**<u>प्रस्ताव नं १०</u>– <u>स्वास्थ्य चौकी भवन निर्माण तथा दर्ता सम्बन्धमा।</u>**

**<u>निर्णय नं. १०</u>** - प्रस्ताव नं. १० उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ५ मा हाल सम्म स्वास्थ्य चौकी नभएको, उक्त वडामा करिब ४ हजार वडाबासी रहेकोमा निजहरुलाई साधारण उपचारको लागि पनि वडा नं. ६ स्थित सामरी स्वास्थ्य चौकी वा त्रिशुली अस्पताल सम्म पुग्नु पर्ने अवस्था रहेको र नेपाल सरकार तर्फबाट १ वडा १ स्वास्थ्य चौकीको अवधारण बमोजिम उक्त वडामा १ स्वास्थ्य चौकी स्थापना प्रयोजनका लागि सिमल सौरा स्वास्थ्य चौकी निर्माणको लागि २ रोपनी ८ आना जग्गा प्राप्ती तथा नेपाल सरकारको स्वास्थ्य चौकीको नर्म्स बमोजिम हुने गरी आवश्यक डि.पि.आर तयार भएको हुँदा उक्त भवन निर्माणका लागि हाल स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशबाट रु. २०,००,०००/- विनियोजन भएकोमा डि.पि.आर बमोजिम भवन निर्माणको लागि रु. ४ करोड ५० लाख आवश्यकता देखिएकोले बजेट व्यवस्थापनका तथा आवश्यक दर्ता कायमका लागि स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश तथा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशसँग अनुरोध गर्ने भनी निर्णय गरियो।

**<u>प्रस्ताव नं ११</u>– <u>SEE परिक्षा केन्द्र सम्बन्धमा।</u>**

**<u>निर्णय नं. ११-</u>** प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिकामा श्री भूमेदेवी मा.वि. मा SEE परीक्षा केन्द्र रहेकोमा म्यागङ वडा नं ५ स्थित श्री ग्रामसेवा विद्याश्रम मा.वि. र विन्दुकेशर मा.वि. को लागि यातायात एवंम् बसाँईको हिसावले गाउँपालिका स्थित भूमेदेवी मा.वि. SEE परीक्षा केन्द्र पयक पर्ने भएको हुँदा सो विद्यालयहरुलाई उक्त परीक्षा केन्द्र कायम रहने व्यवस्था मिलाईदिनुहुनका लागि शिक्षा विकास तथा समन्वय इकाई, नुवाकोटमा अनुरोध गर्ने भनी निर्णय गरियो।

**<u>प्रस्ताव नं १२</u>– <u>सर्वसम्मतले पारित सम्बन्धमा।</u>**

**<u>निर्णय नं. १२-</u>** प्रस्ताव नं. १२ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।